दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३६ | अंक ३३३ | बुटवल | २०८१ मंसिर २५, गते मंगलबार | नेपाल संवत ११४५ | Tuesday Dec. 10, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल :

# मौसम र यात्रु अभावले फ्लाई दुबईले रोक्यो उडान

लुम्बिनी संवाददाता
*बुटवल*

भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा नियमित उडान गरिरहेका तीनमध्ये फ्लाई दुबईले मौसम र यात्रुको कारण देखाउँदै उडान राकेको छ।

युनाइटेड अरब इमिरेट्स (यूएई) को फ्लाई दुबई, कुवेतको जजीरा एयरवेज र थाइल्यान्डको थाई एयर एसियाले भैरहवामा उडान स्थगन गर्ने पत्राचार गरेका थिए।

नेपाल नागरिक उड्डयन प्राधिकरणलाई पत्राचार गरेपछि प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीले सोमबार छलफलमा बोलाएका थिए। छलफलपछि थाई एयर एसिया र जजीरा एयरवेजले भैरहवाका लागि निरन्तर नियमित उडान गर्ने सहमति गरे भने फ्लाई दुबईले एक महिनाका लागि उडान स्थगन गर्ने बताएको महानिर्देशक अधिकारीले जानकारी दिए।

फ्लाई दुबईले मौसम र यात्रु अभावको कारण एक महिना उडान स्थगित गर्ने र एक महिनापछि दैनिक एक उडान गर्ने बताएको अधिकारीले जानकारी दिए।

थाई एयर एसियाले प्रत्येक साता गरिरहेको तीन उडानमा एक कटौती गरेको छ। फ्लाई दुबईले १६ डिसेम्बर देखि १३ जनवरीसम्म मात्र उडान स्थगन गर्ने छलफलमा बताएको छ। त्यसपछि भने भैरहवाका लागि नियमित उडान गर्ने जनाएको छ। उसले आगामी जनवरी १३-१४ देखि भैरहवाका लागि टिकट बुकिङ सिस्टममा राखिसकेको छ।

जाडो मौसम सुरु भएपछि बाक्लो हुस्सुका कारण पछिल्लो समय भैरहवा विमानस्थलको भिजिबिलिटी १ हजार २ सय मिटरसम्म हुने गरेको छ। ठूला जहाज उडान-अवतरणका लागि यो पर्याप्त भिजिबिलिटी होइन। ठूला जहाजका लागि कम्तीमा १ हजार ८ सय मिटर भिजिबिलिटी चाहिन्छ।

भैरहवा विमानस्थलमा 'रिक्वायर्ड नेभिगेसन पर्फर्मेन्स अथोराइजेसन रिक्वायर्ड' (आरएनपीएआर) प्रणाली जडान नभएका कारण न्यून भिजिबिलिटीमा उडान-अवतरण गर्न नसकिएको हो।

आरएनपीएआर प्रणाली जडान भएपछि न्यूनतम ८ सय मिटर भिजिबिलिटी हुँदा पनि ठूला जहाज सजिलै उडान-अवतरण गर्न सक्छन्।

प्राधिकरणका अनुसार डिसेम्बर १२ मा भैरहवा विमानस्थलमा आरएनपीएआर प्रणाली रहेको ग्लोबल्ली प्रकाशित हुन्छ। त्यसको ४२ दिनपछि आरएनपीएआर प्रणालीमार्फत् उडान-अवतरण गर्न मिल्छ।

हाल भैरहवामा फ्लाई दुबई, जजीरा र थाई एयर एसियाबाहके नेपाल वायुसेवा निगमले नियमित उडान गरिरहेका छन्। कतारको कतार एयरवेजले भने ३० नोभेम्बरसम्म मात्र नियमित उडान गर्ने अग्रिम जानकारी दिएर भैरहवाबाट फिर्ता भइसकेको छ।



**व्यवसायीको आशंका सही सावित हुँदै**

व्यवसायीले भिजिबिलिटिको समस्या समाधान, श्रम स्वीकृति, मेडिकल जाँच, भिसा सेन्टर, कार्गो, विदेश पढ्न जाने विद्यार्थीका लागि 'नो अब्जेक्सन सर्टिफिकेट' (एनओसी ) लेटर, ठूला ट्राभल एजेन्सीका कार्यालय तत्काल स्थापना र बौद्धमार्गी बाहुल्य देशबाट सिधा उडान नभएसम्म पर्याप्त यात्रु नहुँदा अन्तर्राष्ट्रिय उडान नियमित हुनेमा आशंका गर्दै आएका थिए।

श्रम स्वीकृति नवीकरण अनलाइनबाट हुने भए पनि पहिलोपटकको श्रम स्वीकृति, मेडिकल जाँच, भिसा, कार्गोजस्ता सेवा भैरहवामा नहुँदा श्रमिक र व्यवसायीलाई काठमाडौं नै धाउनुपर्ने बाध्यता छ।

यस्तै अन्तर्राष्ट्रिय उडानका लागि हवाइ टिकट बिक्रीमा काठमाडौंकै ट्राभल एजेन्सीका प्रभुत्व र सिन्डिकेट जस्ता कारण रुपन्देहीका व्यवसायीमा अन्तर्राष्ट्रिय उडान दिगो हुनेमा आशाभन्दा शंका बढी भएको हो।

सिद्धार्थनगर उद्योग वाणिज्य संघ अध्यक्ष ठाकुरकुमार श्रेष्ठले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल लक्षित गरेर बनाइएका जस्तै सबै सरकारी कार्यालय भैरहवामा पनि पूर्ण क्षमतामा स्थापना गर्नुपर्ने बताए।

जाडो मौसममा हुस्सुका कारण भिजिबिलिटी कम हुँदा जहाज अवतरण गर्न नमिल्ने समस्या हुन नदिन वैकल्पिक प्रविधि छिटो जडान गर्न उनले माग गरे। भैरहवामा श्रम कार्यालय, म्यानपावर कम्पनीका कार्यालय, विदेश जानेको स्वास्थ्य परीक्षण, अभिमुखीकरण र भिसा सेन्टरका शाखा भैरहवामा स्थापना नभएका कारण यात्रु आकर्षित हुन नसकेको उनको भनाइ छ।

तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले साढे दुई वर्षअघि विमानस्थल उद्घाटन गरेलगत्तै भैरहवामा श्रम स्वीकृति सहज तुल्याउन कार्यालय स्थापना गरिएको थियो। उक्त कार्यालय नाम मात्रको भएको श्रेष्ठले बताए।

सरकारले भैरहवामा आवश्यक सरकारी कार्यालय तत्काल स्थापना नगर्ने हो भने त्रिभुवन विमानस्थल मर्मतपछि यहाँबाट अहिले भइरहेका उडान उतै डाइभर्ट हुने शंकाले व्यवसायी ढुक्क हुन नसकेको उनले प्रष्ट पारे। विमानस्थलमा बनेको कार्गो सेवा तत्काल सञ्चालनमा ल्याउन पनि उनले माग गरे।

ट्राभल व्यवसायी सागर अधिकारीले विमानस्थल दिगो सञ्चालन गर्न बौद्धमार्गी बाहुल्य देशबाट भैरहवामा सिधा उडान हुनुपर्ने बताए।

अहिले भइरहेका उडानमध्ये थाई एयर एसिया र जजीराले मात्र आफ्नो देशबाट भैरहवामा सिधा उडान गरेको र अरूले ट्रान्जिटमात्र बनाएकाले पर्याप्त नभएको उनको भनाइ छ।

विमानस्थल दिगो सञ्चालन गर्न लुम्बिनीमा बौद्धमार्गी बाहुल्य देश चीन, भियतनाम, म्यानमार, श्रीलंका, भुटान, जापानलगायतबाट सरकारले सिधा उडानको उच्चस्तरीय पहल गर्नुपर्ने उनको सुझाव छ।

» *बाँकी ३ पेजमा*

## 'देशको राजनीति बिचौलियाको हातमा'



बुटवल। नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले देशको राजनीति अहिले सरकारमा भएका राजनीतिक दलहरूको हातमा नभएको दाबी गरेका छन्।

सोमबार राष्ट्रिय कर्मचारी महासंघको स्थापना दिवसलाई सम्बोधन गर्ने क्रममा पूर्वप्रधानमन्त्री समेत रहेका प्रचण्डले बिचौलिया र दलालहरूको हातमा देशको राजनीति रहेको प्रष्टै देखिएको बताए।

अहिले जो सरकारमा भएका राजनीतिक दलका नेता छन्, तीनको हातमा राजनीति छैन भन्दै प्रचण्डले राजनीति बिचौलिया र दलालहरूको हातमा छ भन्ने प्रष्टै देखिएको दाबी गरे।

साथै, उनले रातको अँध्यारोमा बिचौलियाले आफ्नो घरमा लगेर अहिलेका सरकार बनाउन भूमिका खेलेको बताए। साथै, उनले माओवादीप्रति जनताको भरोसा बढ्दै गएको भन्दै फेरि जनताको तागत देखाउनुपर्ने उल्लेख गरे।

यसैबिच नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पूर्वगृहमन्त्री एवम् राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने माथि सरकारले निरंकुश, अलोकतान्त्रिक, अमानवीय र प्रतिशोधपूर्ण व्यवहार गरेको बताएका छन्।

सामाजिक सञ्जालमार्फत् अध्यक्ष प्रचण्डले लामिछानेमाथि सरकारले गरिरहेको व्यवहारको निन्दा समेत गरेका छन्

अदालतबाट दोषी ठहर नभएका, अत्यधिक जनमतद्वारा निर्वाचित रास्वपाका सभापति रवि लामिछानेमाथि सरकारले गरिरहेको निरंकुश, अलोकतान्त्रिक, अमानवीय र प्रतिशोधपूर्ण व्यवहारको निन्दा गर्दछु भन्दै प्रचण्डले यस प्रकारको व्यवहार रोक्न सरकारलाई आग्रह गरेका छन्।

## रविको रातारात अड्डासारप्रति आइजीपीलाई आयोगको पत्र



बुटवल। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेमाथि चितवनमा प्रहरीले गरेको अमानवीय व्यवहारबारे बयानका लागि राष्ट्रिय मानवअधिकार आयोगले प्रहरी महानिरीक्षक बसन्त कुँवरलाई बोलाए पनि उनी अनुपस्थित भएका छन्।

आयोगले सोमबार दिउँसो १२:३० मा कुँवरलाई आयोगमा उपस्थित हुन पत्र काटे पनि उनले प्रहरी प्रधान कार्यालयका अन्य अधिकारीलाई पठाएको आयोगका प्रवक्ता डा. टिकाराम पोखरेलले जानकारी दिए। महानिरीक्षक कुँवरसँग नै सोधपुछ गर्न पुनः पत्र काट्ने प्रवक्ता पोखरेलले बताए।

प्रहरी महानिरीक्षकलाई बयानमा बोलाइए पनि आयोगमा बयानका लागि एआइजी टेकबहादुर तामाङ र केन्द्रीय प्रवक्ता डीआइजी दानबहादुर कार्की गएका थिए। दिउँसो करिब १२:३० मा पुगेका उनीहरु २ बजे आयोगबाट बाहिरिएका हुन्।

सहकारी प्रकरणमा अनुसन्धानका लागि चितवन लगिएका लामिछानेलाई कुँवरको ठाडो निर्देशनमा मंसिर १९ गते मध्यराति १२ बजेर ५ मिनेटमा पोखराका लागि हिँडाइएको थियो। दिनभर बयान सकेर आराम गरिरहेका लामिछानेलाई परिवारलाई समेत जानकारी नदिई पोखरा लगिएको थियो।

लामिछानेलाई आफन्त र कानुन व्यवसायीलाई समेत जानकारी गराउन नदिई इच्छाविपरीत मध्यराति हिरासत सारिएको घटनाप्रति सर्वत्र प्रश्न उठेको छ।

भोलिपल्ट उडानमार्फत् पोखरा लैजाने भनिएकोमा सुत्न लागेको अवस्थामा उनलाई जबर्जस्ती गाडीमा राखेर पोखरा लगिएको भन्दै प्रहरीको व्यवहारमाथि प्रश्न उठिरहेको छ। पोखरा पुऱ्याइएका लामिछानेको स्वास्थ्य परीक्षण गर्दा रक्तचाप अस्वभाविक देखिएको थियो।

घटनाको दोस्रो दिन शुक्रबार रवि पत्नी निकिता पौडेलले प्रहरी महानिरीक्षक कुँवरलगायत माथि छानबिन गरी कारबाहीको माग गर्दै आयोगमा उजुरी दिएकी थिइन्। आइतबार राष्ट्रिय स्वतन्त्र पार्टीले पनि आयोगमा उजुरी दिएको थियो।

उजुरीपछि आयोगले नेपाल प्रहरी प्रधान कार्यालयमा पत्राचार गरी जवाफ मागेको थियो। तर, घटना संवेदनशिल देखिएकाले प्रहरी प्रमुखलाई आयोगमै उपस्थित गराएर जवाफ माग्न लागिएको आयोगले जनाएको थियो।

## राजनीतिज्ञ इमान्दार भए भ्रष्टाचार रोकिन्छ



लुम्बिनी संवाददाता
*दाङ*

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले राजनीतिज्ञ इमान्दार भए मात्र भ्रष्टाचार रोकिने बताएका छन्।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले राप्ती उपत्यका देउखुरीमा आयोजना गरेको भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवसमा बोल्दै उनले सबै नीतिको माउ नीति राजनीति भएकाले यो स्वच्छ र पारदर्शी हुन सकेमात्र भ्रष्टाचार नियन्त्रण हुने बताए।

मुख्यमन्त्री आचार्यले सुशासनयुक्त र भ्रष्टाचारमुक्त प्रदेश बनाउने अभियानमा सरकार क्रियाशील रहेको पनि बताए।

सुशासनयुक्त तथा भ्रष्टाचारमुक्त प्रदेश निर्माणको संकल्पलाई पूरा गर्न सरकार दृढ रहेको उनले बताए। 'राजनीतिककर्मीहरु, जो नीति निर्माण गर्ने थलोमा छौं, त्यो नीति निर्माण गर्ने थलोमा भएका र कार्यान्वयन गर्ने तहमा रहेका हामी सबैले मन, बचन र कर्मले भ्रष्टार गर्दिन र गर्न दिन्न भन्ने संकल्प लिने हो भने भ्रष्टाचार अन्त्य गर्न सकिन्छ,' उनले भने -'राजनीति गर्नेसँगै कर्मचारी समेत सबै इमान्दार बन्दा भ्रष्टाचार अन्त्य भई सुशासन कायम गर्न सकिन्छ।'

लुम्बिनी प्रदेश सरकारले सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार न्यूनीकरणसम्बन्धी पाँच वर्षे रणनीतिक कार्ययोजना, २०८१ तयार गरी आर्थिक वर्ष २०८१-०८२ देखि २०८५-०८६ सम्म लागू हुनेगरी रणनीतिक योजना तयार पारिएको मुख्यमन्त्री आचार्यले बताए।

सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही एवं पारदर्शी बनाउन प्रदेश सुशासन ऐन, २०७६ कार्यान्वयनमा रहेको उनले जानकारी गराए।

» *बाँकी ३ पेजमा*



२०८१ मंसिर २५, गते मंगलबार
Tuesday Dec.10, 2024

दैनिक लुम्बिनी

## सम्पादकीय

# सडक दुर्घटना न्यूनीकरण अभियान थालौं

नेपालमा सडक दुर्घटना दिनप्रतिदिन बढिरहेको र यसले भयावह समस्या ल्याएको छ । नेपाल प्रहरीको तथ्यांकअनुसार, गत १० वर्षमा करीब २४ हजार जनाले सडक दुर्घटनामा ज्यान गुमाएका छन् । त्यस्तै, करीब ७२ हजार जना गम्भीर घाइते भएका छन् । सडक दुर्घटनाबाट व्यक्तिको ज्यान जाँदा र घाइते हुँदा त्यसको बहुआयामिक असर परेको छ। दुर्घटनापछि परिवारमा गम्भीर आर्थिक र सामाजिक समस्या देखिएका छन् । परिवारमा अर्थोपार्जन गर्ने व्यक्ति दुर्घटनामा पर्दा परिवारका सदस्यको जीविकोपार्जन र शिक्षा आर्जनमा असर परेको छ।

सडक दुर्घटनाको भयावह तस्विर सार्वजनिक भइरहेको बेला दुर्घटना न्यूनीकरणका लागि चाल्नुपर्ने योजना, कार्यक्रम र रणनीतिमा सरकार चुकिरहेको छ। दुर्घटना हुनुको कारण बहुआयामिक भएकाले ती कारणको खोजी र समाधानको उपाय पहिल्याउने काम सरकारको हो । नागरिकको ज्यान जाने र घाइते हुँदाको मार परिवारलाई मात्रै होइन्, राज्यलाई पनि परिरहेको छ। विश्व स्वास्थ्य संगठनको पछिल्लो प्रतिवेदनले नेपालमा सडक दुर्घटनाका कारण एकै वर्षमा करीब आठ हजार ५०० जनाको ज्यान जाने गरेको तथ्य सार्वजनिक गरेको थियो। यसबाट हजारौं प्रत्यक्ष प्रभावितका परिवार र आफन्त गरी लाखौं मानिस सडक दुर्घटनाको पीडा लिएर बाँचिरहेको जनाएको थियो । विश्व ब्यांकको अध्ययनअनुसार नेपालमा सडक दुर्घटनाका कारण कुल ग्राईस्थ्य उत्पादन (जीडीपी) को करीब तीन प्रतिशत बराबरको वार्षिक क्षति हुने गरेको छ।

यो तथ्याङ्कको विश्लेषण गरेर अघि बढ्न ढिलाइ भइरहेको छ। सडक बनिरहेका छन्, गुणस्तरीय छैनन्। यातायातका साधनको तीब्र वृद्धिअनुसार सडकको क्षमता विस्तार हुन सकिरहेको छैन। सवारी चालक अनुमतिपत्र दिँदा फितलो परीक्षा प्रणाली र सडकमा प्रहरी निगरानी कमजोर हुँदा सडकमा अराजकता बढेको छ । यिनै कारणले दुर्घटना बढेका छन् । सडकलाई सुरक्षित बनाएर नागरिकको सहज र सुरक्षित आवागमनको संवैधानिक अधिकार सुनिश्चित गर्ने काम सरकारको हो। सडक सुरक्षा ऐन पारित गरी कार्यान्वयन गर्ने, स्वतन्त्र, कार्यकारी, व्यवसायिक तथा विज्ञसहितको सडक सुरक्षा परिषद् गठन गर्ने, राष्ट्रिय सडक सुरक्षा कार्ययोजनाअनुसार काम गर्न सरकारले ध्यान दिनुपर्छ।

सडकलाई सुरक्षित बनाउन तहगत सरकारबिच सहकार्य संभव छ । स्थानीय तहले प्रहरीसँग सहकार्य गरी जनचेतना जगाउने काम गर्न सक्छन् । प्रदेशभित्रको यातायात व्यवस्थापनको जिम्मेवारी प्रदेश सरकारको भएकाले प्रदेश सरकारको पहलकदमी अझै बढ्न आवश्यक छ । सवारीचालक अनुमतिपत्र वितरण, यातायातको साधन दर्ता, नविकरण, जाँचपास जस्ता काम गर्ने जिम्मेवारी पाएको यातायात कार्यालय प्रदेश सरकार मातहत रहने संवैधानिक व्यवस्था भएकाले यातायात व्यवस्था कार्यालयको काम पारदर्शी बनाउन प्रदेश सरकारको नेतृत्व अग्रसर हुन आवश्यक छ। संघीय सरकारले समग्र नीतिगत नेतृत्व गरी ऐन नियममा भएका कमजोरी आफैं सुधार गर्न मिल्ने सुधार गर्ने र प्रदेश तथा स्थानीय तहले गर्नुपर्ने सुधारका लागि दिशानिर्देश गर्न सक्छ।

# नेप्से परिसूचक १२ दशमलव ८४ अङ्कले घट्यो



काठमाडौं । यस साता कारोबारको पहिलो दिन उच्च अङ्कले घटेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सोमबार दोस्रो दिन पनि दोहोरो अङ्कको गिरावट देखिएको छ । नेप्से परिसूचक १२ दशमलव ८४ अङ्कले घटेर दुई हजार छ सय ७६ दशमलव १५ को विन्दुमा कायम भएको हो ।

तीन सय १७ कम्पनीको एक करोड १५ लाख २३ हजार तीन कित्ता शेयर ६२ हजार सात सय ५८ पटक खरिदबिक्री हुँदा रु पाँच अर्ब ६२ करोड ९९ लाख ४५ हजार आठ सय २२ बराबरको कारोबार भएको छ।

कारोबारमा वित्त समूह शून्य दशमलव १५, लगानी शून्य दशमलव ७६, उत्पादन तथा प्रशोधन एक दशमलव ०६, म्युचुअल फन्ड शून्य दशमलव १४ र अन्य समूह शून्य दशमलव ११ प्रतिशतले बढेको छ। अरु सबै समूहको उपसूचक घटेको छ। बैंकिङ शून्य दशमलव ४६, विकास बैंक शून्य दशमलव ६८, होटल तथा पर्यटन शून्य दशमलव ८३, जलविद्युत् शून्य दशमलव ५४ र जीवन बिमा समूह एक दशमलव ६७ प्रतिशतले घटेको छ।

यसैगरी, लघुवित्त समूह शून्य दशमलव ६१, निर्जीवन बिमा समूह एक दशमलव १६ र व्यापार समूह एक दशमलव ३० प्रतिशतले घटेको छ । इमर्जिङ नेपाल लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै आठ दशमलव ७६ प्रतिशतले बढेको छ। सबैभन्दा धेरै घट्नेमा भने स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ। कारोबार भएको रकमका आधारमा सबैभन्दा धेरै एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको रु ३५ करोड २७ लाख २० हजार चार सय ४९ बराबरको कारोबार भएको छ । शेयर संख्याका आधारमा सबैभन्दा धेरै आरबिबी म्युचुअल फन्ड-को पाँच लाख १७ हजार चार सय कित्ता शेयर किनबेच भएको छ।

# उप-निर्वाचनले देखाएको दलीय हैसियत



**श्यामप्रसाद मैलानी**




विभिन्न कारणले रिक्त रहेका स्थानीय तहका पदहरूमा १६ गते आइतबारका दिन सम्पन्न भएको निर्वाचन शान्तिपूर्णरूपमा सम्पन्न भई सबै नतिजा समेत आइसकेको छ। केही पदहरूमा निर्विरोध निर्वाचन सम्पन्न भएको छ। दलहरूमा आफ्नो हैसियत कस्तो रहने भन्ने ठूलो छटपटाहट रहेको थियो। सबै दलहरूले यस उप-निर्वाचनमा आफ्नो दलको हैसियत अत्यन्त सुदृढ हुने विश्वास लिएका थिए । तदनुरूप सबै प्रकारको व्यवस्थापन गर्दै अभिव्यक्ति दिँदै आएका थिए। तर, निर्वाचनमा परिणाम हेर्दा केही दलहरू निराश हुन पुगेका छन् । सामान्यतया यस निर्वाचनमा पुराना दलहरूको हैसियतमा ह्रास आउने सम्भावना देखिएको थियो। किनकि सरकारमा रहेका ठूला दुई दलहरू र प्रमुख प्रतिपक्षी दलको रूपमा रहेको नेकपा माओवादी केन्द्र तीनवटै दलहरू पटक-पटक सरकारमा रहे ।

सरकारमा रहँदा उल्लेखनीय र मतदाताहरू समक्ष अत्यन्त राम्रो प्रभाव पार्ने हिसाबले काम गर्न सकेनन् । त्यसैले यी दलहरू मतदाताहरूको असन्तुष्टि र अभिव्यक्ति एवं आलोचनाको तारो बनिराखेका थिए। यही कारण हो, ठूला दलहरूको नतिजा राम्रो नहुने अनुमान पनि भइराखेको थियो। सरकारमा रहँदा कार्य सम्पादन राम्रो गर्न नसक्ने, सुशासन दिन नसक्ने यी दलहरू जनताका नजरमा कसिंगर बनिराखेकाले यी दलहरूको उत्साहजनक विजय यस उपनिर्वाचनमा हुन सक्दैन भन्ने अनुमान हुँदा साना दलहरू आफ्नो हैसियतको प्रवर्धन गर्न लागिपरेका थिए। नतिजाको अध्ययन गर्दा यो अवस्था पनि देखिएन।

बहुदलीय शासन प्रणालीमा दलीय आस्था र सिद्धान्तलाई तिलाञ्जली दिँदै सत्तामुखी राजनीति मात्र गर्न उद्यत भएका नेपालका ठूला दलहरूको आलोचना सचेत वर्गबाट प्रशस्त मात्रामा हुँदै आएका थिए। त्यसैले पनि यी दलहरू आलोचनाका पात्र बनिराखेका थिए। यस्ता मतदाताहरूले सघन रूपमा आलोचना गरिराखेका दलहरूको नतिजा सकारात्मक हुँदैन भन्ने चर्चा-परिचर्चा पनि हुँदै आएको थियो। यी सबै परिस्थितिहरूका बीचको अवस्थामा सम्पन्न उपनिर्वाचनले पृथक् र अनपेक्षित नतिजा दिएको छ समग्रमा यो उप-निर्वाचनको नतिजाले कुन दल उत्साहित बन्यो ? कुन दल निरुत्साहित भयो ? र यसले समग्रमा कस्तो किसिमको सन्देश दिएको छ ? यसै सन्दर्भमा यस आलेखलाई केन्द्रित गर्ने प्रयास गरिएको छ।

निर्वाचनको नतिजामा देखिएको गणितीय अवस्थाका विश्लेषण गरौं। नेपाली कांग्रेसले गत आमनिर्वाचनमा स्थानीय तहमा राम्रै स्थानमा विजय हासिल गरेको थियो। हाल रिक्त रहेका पदहरूमध्ये २६ पदहरू नेपाली कांग्रेसले नै जितेका पदहरू थिए। आफ्नो हैसियत कायम गर्न न्यूनतम पनि यी २६ पदहरूमा नेपाली कांग्रेसले नै विजय हासिल गर्नुपर्थ्यो भन्ने एक कोणबाट तर्क गर्न सकिन्छ। तर, कीर्तिपुर नगरपालिकाको प्रमुख सुरक्षित गर्न सफल हुँदै नेपाली कांग्रेसले १९ पदमा विजय हासिल गरेको छ। यद्यपि, यस दलले आफूले जितेका सबै पदहरूमा यस निर्वाचनमा पुन विजय हासिल गर्न सकेको छैन। केही पदहरू सुरक्षित गरेको छ। केही पदहरूमा अन्य दलहरू विजयी भएका स्थानमा आफ्नो पकड जमाएको छ। तर, ७ पद नेपाली कांग्रेसले यस उप-निर्वाचनमा गुमाएको छ।

नेकपा एमालेतर्फ प्राप्त नतिजाको विश्लेषण गर्दा यस दलले आफ्नो स्थिति संख्यात्मक हिसाबले यथावत् कायम गर्न सफल भएको छ। माओवादी केन्द्रले पहिलेको स्थानहरूभन्दा ३ स्थानहरू थप्न सफल भएको छ। संख्यात्मक हिसाबले नेकपा एमालेभन्दा नेकपा माओवादी केन्द्रले बढी स्थानहरूमा विजय हासिल गर्नुलाई विशेष चासोको साथ यो नतिजालाई लिनुपर्ने स्थिति छ । जसपाले २, यसले १, रास्वपाले १, नेमकिपाले १ र स्वतन्त्र उम्मेदवारले १ स्थानमा विजय हासिल गरेको अवस्था छ । यस उप-निर्वाचनमा उल्लेख गरिएका दलहरूबाहेक अन्य दलहरूले आफ्नो उपस्थितिसम्म पनि जमाउन सकेनन्। उम्मेदवारी दिएका सबै स्थानहरूमा पराजय भोग्नुपऱ्यो। आफ्नो उपस्थिति उत्साहजनक बनाउने दाबी गर्दै आएको राष्ट्रिय प्रजातन्त्र पार्टीको उपस्थिति शून्य रह्यो। यस अर्थमा पनि राप्रपाको जनस्तरमा खासै प्रभाव नभएको परिणाम निर्वाचनले दिएको छ। नयाँ उदय भएका दलहरू र स्वतन्त्र उम्मेदवारहरूलाई जनताले स्वीकार गर्छन् भन्ने जुन दाबी थियो त्यसलाई मिथ्या साबित गरिदिएको छ।

रवि लामिछानेजीको दलले काठमाडौं महानगरपालिकाको १६ नम्बरको वडाअध्यक्ष १ मात्र आफ्नो हातमा पार्न सफल भएको छ। अन्य सबै स्थानहरूमा उसको उपस्थिति लज्जास्पद छ। उदाहरणका लागि ११ पदमा भएको गरेको प्रतिस्पर्धामा ५० मत सम्म पनि यस दलका उम्मेदवारहरूले प्राप्त गर्न सकेका छैनन्। यसबाट राष्ट्रिय स्वतन्त्र पार्टीको भावी राजनीतिमा ठूलो प्रश्नचिह्न खडा भएको छ। निर्वाचनमा जमानत जफत हुनुले राजनीतिमा ठूलो अर्थ राख्छ। त्यसैले उनीहरूको राजनीतिक भविष्य सुरक्षित गर्नका लागि धेरै कडा परिश्रम र दलमा पनि सुधार गर्नुपर्ने अवस्था स्पष्ट छ । रुकुम पूर्वको उत्तरगंगा गाउँपालिकामा भएको प्रतिस्पर्धामा राष्ट्रकै ध्यान पुगेको थियो। किनकि एमालेकी उम्मेदवार रूख चिह्न लिएर प्रतिस्पर्धामा उत्रिँदा सबैले यो सत्तारूढ दल र प्रमुख प्रतिपक्षी दलका बीच प्रतिष्ठाको विषयको 'दयगतमा विश्लेषण गरिरहेका थिए। किनकि ती क्षेत्रहरू विशेषगरी नेकपा माओवादी केन्द्रका आधार इलाकाका रूपमा मानिएका थिए।

जाजरकोट, रुकुम पश्चिम र रोल्पामा आफ्ना आफ्ना वडाहरूमा माओवादी केन्द्रमा ठूलो प्रभाव पार्न सक्ने व्यक्तित्वहरू जनार्दन शर्मा, वर्षमान पुन र शक्तिबहादुर बस्नेतले आफ्ना आफ्ना उम्मेदवारहरूलाई विजय गराउन सकेनन् । यसले माओवादी केन्द्रले दाबी गरिराखेको आफ्नो आधार इलाकामा पनि प्रश्नचिह्न खडा भएको छ। यस अर्थमा कमरेड प्रचण्डजीले आफ्नो दल उत्साहित भएको उद्घोषसहित आफ्ना कार्यकर्ताहरूसमक्ष जुन प्रस्तुति दिनुभएको थियो, त्यस प्रस्तुतिलाई ठूलो धक्का लागेको छ। समग्रमा परिणाम मिश्रित छ अनपेक्षित ठाउँमा अपेक्षा नगरिएका दलका उम्मेदवारहरू पनि जितेका छन्। अपेक्षा गरेको ठाउँमा पराजयको अवस्था पनि दलहरूले भोग्नुपरेको अवस्था देखिएको छ । मोरङमा नेपाली कांग्रेसको पकड भएको स्थानमा नेकपा माओवादी केन्द्रले विजय हासिल गर्नु यसको उदाहरण हो। तसर्थ, जनता जनार्दन सार्वभौम हुन्छन् । उनीहरूको निर्णयलाई दलहरूले प्रभाव कम पार्दै लगेको अनुमान गर्ने आधारहरू यस निर्वाचनले प्रदान गरेको छ।

यस निर्वाचनले देखाएको अर्को पाटो हो, दलहरूले सिद्धान्त र आस्था नमिल्दा विपरीत ध्रुवका दलहरूसँग गरिएको गठबन्धनलाई अस्वीकार गरेका छन् । यसका उदाहरण उत्तरगंगा गाउँपालिकाले स्पष्ट देखाएको छ। जहाँ एमाले र कांग्रेसको गठबन्धनबाट प्रतिस्पर्धामा रहेकी उम्मेदवार पराजित भएको अवस्था छ। गत स्थानीय तहको निर्वाचनमा नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्र एवं माधवजीको दल यस समेतको गठबन्धनमा निर्वाचनमा प्रतिस्पर्धा गरिएको थियो। सो निर्वाचनमा नेपाली कांग्रेसले अहिले रहेका रिक्त स्थानमध्ये २६ सिट प्राप्त गरेको हो। २६ सिटहरूमा १९ सिट प्राप्त गरेर नेपाली कांग्रेस यो उप-निर्वाचनमा सफल भएको छ। यदि गठबन्धनकै आधारमा मात्र विजयी हुने अवस्था रहने हो भने नेपाली कांग्रेसले एकल प्रतिस्पर्धा गर्दा ४४ सिटमा १९ सिट प्राप्त गर्न सक्ने थिएन।

अर्कोतर्फ भिन्न कोणबाट पनि यसलाई हेर्न सकिन्छ। नेकपा माओवादी केन्द्र र राष्ट्रिय स्वतन्त्र पार्टीले यस निर्वाचनमा आफ्ना कमजोर उम्मेदवारहरू भएको स्थानमा एकले अर्कोलाई सहयोग गरेको अवस्था देखियो। कानमपा वडा नम्बर १६ मा नेकपा माओवादी केन्द्रको समर्थन रास्वपालाई देखियो। त्यस स्थानमा विजयश्री प्राप्त गर्न सफल भयो। यही चुनावी रणनीतिको आधारमा नेकपा माओवादी केन्द्रले केही स्थानमा थप विजय हासिलसमेत गऱ्यो र आफ्नो हैसियतमा केही उत्साजनक अवस्था बनायो। यसले गठबन्धन ठीकै होजस्तो पनि देखियो। तथापि, ठूला दलहरूले गठबन्धन नगर्नू भन्ने जनादेश यस उपनिर्वाचनले दिएको छ। लोकतन्त्रमा ठूला दुई दलहरूमध्ये एक दलले सत्तामा रहने र अर्को दल प्रतिपक्षमा रहनुपर्ने मान्यता हुन्छ। तर, त्यसलाई अस्वीकार गर्दै ठूला दुई दलहरू नै सरकारमा सामेल भएका छन्। देशमा राजनीतिक अस्थिरताको चपेटामा परेका नागरिकहरू यदि यस अवस्थामा पनि स्थिरता प्रदान गर्न सक्ने हो भने यसलाई स्वाभाविक रूपमा ग्रहण गर्न तयार भएको देखियो। किनकि नेपाली कांग्रेस र नेकपा एमाले दुवैलाई यस निर्वाचनले खासै निरुत्साहित गराएको छैन।

वैकल्पिक शक्तिका रूपमा आफूलाई दाबी गर्दै आएका राजनीतिक दल र स्वतन्त्र उम्मेदवारहरूलाई पनि यस उपनिर्वाचनले स्वीकार गरेको देखिएन । स्वतन्त्र उम्मेदवारहरूमध्ये १ प्रतिस्पर्धीले मात्र वडा अध्यक्ष मा विजयी हुनु र अरू सबै अस्वीकृत हुनु यसको उदाहरण हो। अर्को उदाहरणको रूपमा राष्ट्रिय स्वतन्त्र पार्टीलाई पनि जनताले रुचाएनन्। अल्पअवधिमा अवधिमा राजनीतिमा उदाएको यो दल २०८४ को निर्वाचनमा पहिलो दल हुने दाबीका साथ प्रतिस्पर्धामा देखिएको थियो । यस दलमा अत्यन्त राम्रा सुयोग्य युवाहरूको बाहुल्य देखिँदै गर्दा र यस दलले राखेका दिएका नाराहरू अब कसैलाई पनि नदोहोऱ्याउने नो नट अगेन र सुशासन दिने प्रतिबद्धतालाई नेपाली जनताले मन पराएको अवस्था थियो।

तर, यो दल एकै व्यक्तिको परिश्रममा अघि बढेको र रविजीको अभावमा यो दलको कल्पना नै गर्न नसक्ने हिसाबले अघि बढेको थियो र छ। रविजी आफैं एकपछि अर्को जघन्य विवादमा तानिँदै गएका छन्। यसबाट यस दललाई नेपाली नागरिकहरूले विश्वास गर्न सक्ने अवस्था नरहेको उपनिर्वाचनको परिणामले देखाएको छ। त्यसैले, लामो समय देशको लोकतन्त्र बहाली र पुनर्बहालीमा ठूलो योगदान पुऱ्याएका दलहरू नै जनताका रोजाइमा फेरि पनि देखिए। यसले गर्दा अब अन्य वैकल्पिक शक्तिहरू देखिएमा पनि नेपाली जनता आकर्षित हुन असहज परिस्थिति रविजीकै कारणले बन्दै गएको छ। यो अवस्था सिर्जना हुनु निश्चय पनि राम्रो होइन। वैकल्पिक शक्तिका रूपमा देखिएका दल र स्वतन्त्र व्यक्तिहरूलाई विश्वास गर्न नसक्ने अवस्था मतदाताहरूले महसुस गरे। पुराना दलहरूलाई पनि अत्यन्त आत्मसात् गरेको अवस्था निश्चय पनि होइन।

हालसम्मको निर्वाचनहरूमा विशेषगरी हिमाली र पहाडी भेगमा साम्यवादी दलहरूको वर्चस्व रहिआएको थियो । तराईमा नेपाली कांग्रेसको प्रभाव लामो समयदेखि रहेको थियो। मधेसवादी दलहरू छुट्टै अस्तित्वमा आएपश्चात् नेपाली कांग्रेसलाई राष्ट्रिय राजनीतिमा ठूलो धक्का पुगेको हो। यस अर्थमा अहिलेको उपनिर्वाचनमा पनि पहाडी भेगहरूमा नेपाली कांग्रेसको उपस्थिति नगन्य हुने र तराईमा नेपाली कांग्रेसले आफ्नो उपस्थिति उत्साहजनक रूपमा देखाउन सक्ने विश्लेषणसमेत भइराखेको थियो । तर, यस उपनिर्वाचनले मिश्रित परिणाम दियो। यसमा गठबन्धनले खासै प्रभाव पारेन। दलीय उम्मेदवारहरूमध्ये जनस्तरमा राम्ररी भिजेका, घुलमिल भएका प्रतिस्पर्धीहरूलाई मतदाताहरूले प्राथमिकतामा राखेको देखियो। किनकि नेपाली कांग्रेसको प्रभाव एरियामा कम्युनिस्टहरूले जितेका छन् । कम्युनिस्टहरूको प्रभाव एरियामा नेपाली कांग्रेसले जितेको अवस्था छ । यसले गर्दा स्थानीय तहमा अब बलियो उम्मेदवारभन्दा स्वतन्त्र उम्मेदवारहरू नै निर्वाचनमा प्रतिस्पर्धा गर्ने व्यवस्था कानुनतः मिलाउनुपर्ने सन्दर्भमा जनताले आफ्नो अभिमत दिएका छन्। यसलाई दलहरूले आत्मसात् गर्नुपर्ने अवस्था छ।

यस निर्वाचनमा मतदाताहरूको मनोविज्ञान अध्ययन गर्ने अवसर पनि मिलेको छ। किनकि तीनवटा रिक्त पदहरूमा निर्वाचन कार्यक्रममा जाँदा निर्विरोध भएका छन्। त्यसमध्ये कैलाली जिल्ला र ओखलढुंगा जिल्लाका जिल्ला समन्वय समितिका संयोजकहरूमा नेपाली कांग्रेसका उम्मेदवारहरू निर्विरोध निर्वाचित भएका छन्। यी पदहरूमा यसअघि पनि नेपाली कांग्रेसकै उम्मेदवारहरू विजयी भएका थिए। नेपाली कांग्रेसको आदर्श र सिद्धान्तलाई जनताले अहिले पनि मन पराएका छन् । उनीहरू नेपाली कांग्रेस आफ्नो सिद्धान्तमा अडिग रहोस् । लोकतन्त्र प्रतिको उसको आस्था र व्यवहारमा कहिले पनि प्रश्नचिह्न खडा नहोस् भन्ने चाहना राख्छन्। यस अर्थमा पनि नेपाली जनता लोकतन्त्रप्रेमी रहेको उप-निर्वाचनको नतिजाले देखाएको छ। नेपाली कांग्रेसलाई सुधार गर्दै लोकतन्त्रको पक्षमा अडिग रहन जनादेश दिएको यो उदाहरणका रूपमा लिन सकिन्छ।

नेपालका मतदाताहरू हालसम्म राजनीतिमा उदाएका नयाँ पुराना सबै दलहरूसँग सन्तुष्ट देखिएनन्। यदि सन्तुष्ट भएको भए कुनै १ दललाई अत्यन्त राम्रो भारी संख्यामा विजय गराउन सक्ने थिए। राजनीतिक अस्थिरताका कारक, भ्रष्टाचारलाई संस्थागत गराउँदै अघि बढ्ने राजनीतिक पात्रहरू राजनीतिलाई अपराधीरण र व्यापारीकरण गर्ने पद्धति यी सबै स्पष्ट रूपमा मतदाताहरूले अनुभूति गरेका छन्। त्यसैले, कुनै पनि दललाई नेपाली जनताले अन्तरआत्मादेखि रुचाएको देखिएन। यो राजनीति गर्नेहरूका लागि अत्यन्त अशुभ संकेत हो । सधैं सुधार भएको देख्न चाहने मनोविज्ञान जनतामा देखियो। त्यसलाई सम्बोधन गर्ने प्रयाससम्म पनि राजनीतिक दलहरूबाट भएको गरेको देखिएन। जनतालाई विकल्प पनि राजनीतिले दिन सकेको छैन । यो नै नेपाली मतदाताहरूको लागि सबैभन्दा असहज विषय बनेको छ।

यसमा सुधार गर्दै देशमा सुशासन दिन सक्दा फेरि पनि नेपाली राजनीतिमा लोकतन्त्रको हिमायती दल नेपाली कांग्रेस र साम्यवादी सिद्धान्त अवलम्बन गर्दै राजनीतिमा होमिएको नेकपा आबद्ध दलहरूकै भविष्य देखिन्छ । तर, यी ठूला दलहरूमा नेतृत्वदायी भूमिकामा रहेका उमेरले नेटो काटेकाहरूबाट यसको सम्भावना देखिएको छैन । उनीहरूले नयाँ पुस्तालाई नेतृत्वमा पुऱ्याउन चाहेका पनि छैनन् । युवा वर्गसँग आफ्ना नेतृत्व वर्गलाई सच्याउन, सचेत गराउन सक्ने सामर्थ्य पनि देखिएन। यस अवस्थामा नेपालको राजनीति अघि बढिरहँदा मतदाताहरूमा चरम निराशा छाएको छ । उनीहरू राजनीतिक बजारमा प्रतिस्पर्धीहरू खोजी गर्दा विश्वास गर्न लायक भर पर्नलायक नयाँ पुराना दलहरू पहिचान गर्न सकेका छैनन् । यही कारण हो कुनै पनि दलले उत्साहजनक नतिजा प्राप्त गर्न सकेन। यद्यपि, नेपाली मतदाताहरू सबै दलहरूलाई आफ्ना आफ्ना दलीय मूल्य, मान्यता, आदर्श र सिद्धान्तमा अडिग रही राजनीति अघि बढ्न बढाउन र आगामी २०८४ सालको निर्वाचनमा कुनै पनि शक्तिले अन्य राजनीतिक दल वा शक्तिसँग गठबन्धन नगरी एकल प्रतिस्पर्धामा उभिन स्पष्ट संकेत गरेका छन्।

यी सबै दलहरूमा उल्लेखनीय हिसाबले परिवर्तन नआएमा २०८४ सालको निर्वाचनमा पनि कुनै पनि दलले बहुमत प्राप्त गर्न नसक्ने अवस्था सुनिश्चितप्रायः छ। यसको अर्थ हुन्छ फेरि पनि नेपाल राजनीतिक अस्थिरताको चक्रव्यूहमा फस्दै जानेछ। यस अवस्थामा राजनीति पनि सधैं संक्रमणकालबाट गुज्रिँदै जानेछ। आर्थिक समृद्धि र राजनीतिक स्थिरता दुवैको अवस्था अत्यन्त कमजोर हुनेछ । त्यसैले राजनीतिक दलहरू सबैले आफ्ना-आफ्ना कमीकमजोरीहरू पहिचान गर्दै बाँकी अल्प अवधिमा आफूमा सुधार गर्ने राजनीतिक स्थिरता दिने यसका लागि सत्तासीन दलहरूले संविधान संशोधनको एजेन्डा अघि बढाएका छन्।

त्यसलाई जनताका अभिमतका आधारमा संशोधन गर्ने र भ्रष्टाचार निराकरण गर्न सबैभन्दा पहिला आफैंमा सुधार ल्याई निर्मम रूपमा भ्रष्टाचारीउपर कारबाही गर्ने प्रक्रियाको थालनी शीघ्र गर्नुपर्ने अवस्था छ । अन्यथा नेपालको राजनीतिमा जनताले कतिखेर के कस्तो प्रकारको निर्णय दिने हुन् ? त्यो अन्योल छ । जनतालाई अपमान गर्ने गरी भ्रष्ट र विवादित आपराधिक प्रवृत्तिका व्यक्तिहरूलाई राजनीतिमा स्थान दिने काम शीघ्र रोकिनुपर्छ । यही नै निर्वाचनमा जनताले दिएको आदेश हो। यदि सुधार नभएमा यस देशमा असंगठित विद्रोहको खतरा अत्यन्त ज्यादा देखिँदै छ, यसप्रकारको विद्रोहहरूले के-कस्ता परिणाम आमन्त्रण गर्छ ? भन्ने विषयमा विश्व राजनीतिबाट पाठ सिक्दा अति उत्तम हुनेछ।

राजधानीबाट

# ‘बुटवलको मेला सबैको साझा’

बुटवल । रुपन्देहीका संघसंस्थाका अध्यक्ष तथा प्रतिनिधिहरुले बुटवलमा सञ्चालन हुने मेला आयोजक एउटा संस्थाको मात्रै नभएर सबै संघसंस्थाको र सिंगो रुपन्देहीको भएको बताएका छन् । बुटवल उद्योग वाणिज्य संघको आयोजनामा यहि पुसको ३ गतेदेखि हुन गइरहेको औद्योगिक व्यापार मेलाका सन्दर्भमा सोमबार मेला स्थल बुटवल मण्डपमा आयोजना गरिएको अन्तर्क्रिया कार्यक्रममा यस क्षेत्रका उद्योगी व्यवसायीका संस्थाहरुले मेला सबैको भएकाले यसको अवनत्व सबैले लिने प्रतिबद्धता व्यक्त गरेका हुन् ।

कार्यक्रममा बोल्दै बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष तथा मेला कार्यसम्पादन समितिका संयोजक हरिप्रसाद अर्यालले मेला तयारीका बारेमा जानकारी गराए । उनले मेला सञ्चालनका क्रममा गर्नुपर्ने थप तयारीका कुराहरुमा समेत सुझाव दिन आग्रह गरे ।

त्यस अवसरमा रुपन्देही उद्योग संघका अध्यक्ष दिपिल सापकोटा, त्यसैगरी रुपन्देही व्यापार संघका वरिष्ठ उपाध्यक्ष प्रकाश ढकाल, उद्योग व्यापार संघ बुटवलका अध्यक्ष विष्णुप्रसाद पाण्डे, पश्चिम नेपाल यातायात व्यवसायी प्रालिका अध्यक्ष दधि खरेलले बुटवलमा यहाँका तीन वटा संस्थाले आलोपालो मेला सञ्चालन गर्दै आएको र एउटाले गर्ने मेलामा अर्को संस्थाको पूर्ण साथ र सहयोग रहने बताए ।

त्यसैगरी होटल तथा रेष्टुरेण्ट व्यवसायी संघ रुपन्देहीका अध्यक्ष लेखनाथ भण्डारीले मेलाको अवलोकनकर्ता बढाउनेगरी योजना बनाउन सुझाव दिँदैपछि समस्या नआउने गरी सुरुमै सचेत हुन आग्रह गरे । त्यसैगरी होटल तथा पर्यटन व्यवसायी माधव नेपालले पर्यटन व्यवसायको पनि प्रवर्द्धन गर्नेगरी मेलामा समेट्न आग्रह गरे ।

उपभोक्ताहित संरक्षण मञ्च रुपन्देहीका अध्यक्ष समुन्द्र जिसीले उपभोक्तामैत्री व्यवस्थापनमा जोड दिए । कार्यक्रममा यस क्षेत्रको विभिन्न व्यवसायिक संघसंस्थाका अध्यक्ष तथा प्रतिनीधिहरुको सहभागिता रहेको मेला कार्यसम्पादन समितिका सचिव तथा प्रवक्ता मुक्तिप्रसाद अधिकारीले जानकारी गराए ।

---

### मौसम...

अहिले विदेशबाट नेपाल आउनेमध्ये अधिकांश वैदेशिक रोजगारीबाट घर फर्किने कामदार मात्र रहेकाले उनीहरूबाट मात्रै व्यवसायमा सुधार नआउने अधिकारीको ठहर छ ।

नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा)-लुम्बिनी अध्यक्ष चन्द्र थापाले एयरलाइन्सको टिकट बिक्रीमा काठमाडौंका ट्राभल एजेन्सीहरूको मिलेमतो र एकाधिकार भएका कारण भैरहवाले पर्याप्त यात्रु दिन नसकेको बताए ।

भैरहवामा ल्यान्डिङ, पार्किङ शुल्क नभएकाले टिकट सस्तो हुनुपर्नेमा सेटिङमा काठमाडौंभन्दा भैरहवामा महँगो पर्ने बनाइएको उनको दाबी छ ।

विमानस्थल चलेपछि टिकट काट्न नै नपाइएको भन्दै उनले काठमाडौंका ट्राभल एजेन्टहरूले बल्क गरेर एकमुष्ट टिकट बेचेको देखाएर भैरहवाबाट टिकट काट्न खोज्नेलाई महँगो पर्ने बनाएका गुनासो गरे ।

नेपाल एयरलाइन्सको टिकट बुकिङ समेत नियन्त्रित रहेकाले टिकट बुकिङ र बिक्रीमा भइरहेको बदमासीको सूक्ष्म अनुगमन गर्न उनले माग गरेका छन् । टिकटमा कार्टेलिङ र कालोबजारी रोक्न मुख्यमन्त्रीलाई पटक-पटक भने पनि सुनुवाइ नभएको थापाले गुनासो गरे ।

पर्यटन व्यवसायी सञ्जय बजिमय भैरहवाबाट उडान गर्ने सबै एयरलाइन्सको टिकट काउन्टर र सम्पर्क कार्यालय विमानस्थलमा हुनुपर्ने बताउँछन् ।

अहिले नेपाल एयरलाइन्स र जजीरा एयरवेजको टिकट मात्रै भैरहवाबाट सहज काट्न पाइएको तर अरूले टिकट बुकिङ पोर्टल नदिएको उनले बताए ।

टिकट बिक्रीमा भइरहेको कार्टेलिङ अहिलेकै अवस्थामा रहे गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल दिगोरूपमा सञ्चालन हुनेमा शंकैशंका रहेको बजिमयले बताए ।

बेलहिया नाकाको अध्यागमन कार्यालय पनि आधुनिक प्रविधिमैत्री र पर्याप्त जनशक्तियुक्त नहुँदा पर्यटकले सास्ती पाएकाले सुधार गर्न उनले माग गरे ।

### राजनीतिज्ञ...

भ्रष्टाचारको जोखिम क्षेत्रको रुपमा यातायात सेवाअन्तरगत सवारी चालक अनुमति, सवारी दर्ता, नवीकरण, सार्वजनिक खरिद, निर्माण, सुधार, मर्मत, परामर्श सेवा, आयोजनाको अध्ययन, अनुसन्धान, डीपीआर तयारीको काम, यातायात र मालपोत क्षेत्रबाट राजस्व चुहावटलगायत पहिचान गरिएको मुख्यमन्त्रीले औंल्याए ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग बुटवल कार्यालयका प्रमुख राजेन्द्रकुमार पौडेलले आयोगको चौंतिसौं वार्षिक प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८-०८१ मा आयोगमा दर्ता भएको कूल ३६ हजार एक सय ८६ उजुरीमध्ये लुम्बिनी प्रदेशमा स्थानीय तह र प्रदेशगरी चार हजार ८ सय ९४ भ्रष्टाचारको उजुरी परेको जानकारी गराएका थिए ।

सो अवसरमा प्रदेश मामिला तथा कानुन समितिका सभापति दिलकुमारी बुढा, नागरिक समाज दाङका संयोजक निमबहादुर थापालगायतले सुशासन कायम गर्न भ्रष्टाचारविरुद्धको अभियानलाई तिब्रता दिन जरुरी रहेको धारणा राखे

---

## मध्यविन्दु नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

चोरमारा,नवलपरासी(ब.सु.पु.)

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशन मिति : २०८१/०८/२५

यस कार्यालयबाट मिति २०८१/०७/१४ गते सार्वजनिक खरिद अनुगमन कार्यालयको अनलाइन पोटल एवंम राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार मध्यविन्दु नगरपालिकाको तपशिलका निर्माण कार्य गर्न रितपूर्वक पेश हुन आएका बोलपत्रहरु खोली मूल्याकंन समितिले मूल्याकंन गर्दा निम्न बोलपत्रदाताको बोलपत्र सारभूत रुपमा प्रभावग्राही भएको भनी स्वीकृतिका लागि सिफारिस भै आएको हुँदा सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ । साथै सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४७ बमोजिम सम्बन्धित सबै बोलपत्रदाताहरुलाई समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

| सि.नं. | बोलपत्र नं.र कार्य | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (मु.अ.कर सहित ) | कैफियत |
|---|---|---|---|---|
| 1. | 03/NCB/MB/GOODS/ 2081/82, Procurement Of Stationary Items | Green Leaf Private Limited, Putali Sadak Kathmandu | 2332434.13 | |

**प्रमुख प्रशासकीय अधिकृत**

---

Government of Nepal

Ministry of Urban Development

Department of Local Infrastructure Development

## Local Infrastructure Development Project Office

Butwal

# Invitation of Bids

Date of Publication: 10th December, 2024

Local Infrastructure Development Project Office, Butwal Rupandehi invites electronic bids only from eligible bidders for the construction of below mentioned works.

| Description of Works | Contract ID | Estimated Amount with VAT and PS (NRs) | Bid Security NRs. | Bid Fee NRs. |
|---|---|---|---|---|
| Upgrading And Black top Work of Kapurkot Nigalpani Koila Jhyam Road,Triveni Ga.Pa.,Rolpa | Lidpo/Lumbini/NCB/ W/R/081_82/102 | Single Stage Two Envelope | 1,810,000.00 | 5,000.00 |
| Upgrading of Madichaur Jankot-Kureli-Chunbang Road | Lidpo/Lumbini/NCB/ W/R/081_82/103 | Single Stage Two Envelope | 773,000.00 | 5,000.00 |
| Upgrading of Madichaur RingRoad, Rolpa Municipality-7, Rolpa | Lidpo/Lumbini/NCB/ W/R/081_82/104 | Single Stage Two Envelope | 730,000.00 | 5,000.00 |
| Upgrading of Liwang Sallibot Kochhap Ungha Dhaulawang Ramchhe Duikholi Ghorahi Road,Rolpa | Lidpo/Lumbini/NCB/ W/R/081_82/105 | Single Stage Two Envelope | 1,537,000.00 | 5,000.00 |
| Upgrading of Liwang Dhawang Jaljala Road,Rolpa | Lidpo/Lumbini/NCB/ W/R/081_82/106 | Single Stage Two Envelope | 904,000.00 | 5,000.00 |
| Upgrdaing of Ghartigau Pedikhola Jhinuwa to Jugar Road | Lidpo/Lumbini/NCB/ W/R/081_82/107 | Single Stage Two Envelope | 776,000.00 | 5,000.00 |
| Upgrading of Shahid Lok Man Purkhe Road,Parivartan Ga.Pa.,Rolpa | LIDPO/ LUMBINI/NCB/ W/R/081_082/108 | 16,319,983.03 | 365,000.00 | 3,000.00 |
| Upgrading of Madi Ga.Pa. Centre to Gangadev Ga.Pa.Link Road,Rolpa | LIDPO/ LUMBINI/NCB/ W/R/081_082/109 | 10,400,177.18 | 235,000.00 | 3,000.00 |
| Upgrading of 1) Dang Sishaniya to Mahadeva to Sishaniya Road at Sishaniya Bazar Area; 2) Tulsipur Sub Metropolitan Jurpaniya Maintara Kha.Pa Office to Ghorahi Rapti Eye Hospital Road | LIDPO/ LUMBINI/NCB/ W/R/081_082/110 | 9,659,654.26 | 2,35,000.00 | 3,000.00 |
| Upgrading of 1) Bahulakhola to Dholpur Road 2) Babarpur Jaluke Hurum Road 3) Hansapur to Chautara to Sundarkhal Connecting Road | LIDPO/ LUMBINI/NCB/ W/R/081_082/111 | 18,613,572.96 | 415,000.00 | 3,000.00 |

**Name of Public Entity: Local Infrastructure Development Project Office(LIDPO)**

**Bid Validity Period: 90 days after bid opening**

**Bid Security Validity Period: 30 days beyond the validity period of the bid**

Bidders may get further detail information about the bid on PPMO's website www.bolpatra.gov.np/egp or dial at 071-445419.

---

## भूमिकास्थान नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

नुवाकोट, अर्घाखाँची

लुम्बिनी प्रदेश, नेपाल

## सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

दोस्रो पटक सूचना प्रकाशित मितिः २०८१/०८/२५

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-३, दफा ११ को उपदफा (२) को घ.बाट प्राप्त अधिकार,भूमिकास्थान नगरपालिकाको नगर कार्यपालिका बैठकबाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन र प्रदेश सरकार, लुम्बिनी प्रदेशद्वारा २०८१ असार ३० गते प्रदेश राजपत्र अतिरिक्ताङ्क ०८ मा प्रकाशित प्रदेश आर्थिक ऐन, २०८१ बमोजिम भूमिकास्थान नगरपालिकाको अधिकार क्षेत्रभित्र रहेका तपसिलमा उल्लेखित खोलाहरुबाट ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल उत्खनन्, संकलन तथा बिक्रीकर संकलन गर्ने प्रयोजनका लागि सम्झौता भएको मिति देखि २०८२ साल जेष्ठ मसान्तसम्म आ.ब.०८१/०८२ मा ठेक्का प्रकृयाको माध्यमद्वारा कर संकलन गर्ने निर्णय भएको हुँदा तपसिलमा उल्लेखित शर्तहरुकाअधिनमा रही ठेक्का प्रकृयामा आउन इच्छुक मुल्य अभिबृद्धि करमा अनिवार्य दर्ता भएका फर्म तथा संघ संस्थाहरुले शिलबन्दी दरभाउपत्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. प्रत्येक ठेक्काको दरभाउपत्र फाराम प्रभु बैंक, भूमिकास्थान नगरपालिका, नुवाकोट शाखा स्थित यस कार्यालयको आन्तरिक आय खाता नं.२५८७०८६९८६८००१३८मा रु.१०००।- (फिर्ता नहुने गरी) नगद जम्मा गरेको भौचर पेश गरी यस कार्यालयबाट मिति २०८१/०९/०९ गतेसम्म कार्यालय समयभित्र खरिद गर्न सकिनेछ ।
२. आफूले कवोल गरेको रकमअङ्क र अक्षरमा स्पष्टसँग उल्लेख गरी दरभाउपत्र फाराममा ठेकेदारको नाम, थर, ठेंगाना र सही छाप एवम् संस्थाको छाप समेत लगाई मिति २०८१/०९/१०गते दिनको १२.०० बजे भित्र भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय,नुवाकोट,अर्घाखाँचीमा दाखिला गरिसक्नु पर्नेछ ।
३. दाखिला भएका दरभाउपत्रहरु मिति २०८१/०९/१० गते दिनको १:०० बजे भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय, नुवाकोट,अर्घाखाँचीमा विभिन्न प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । दरभाउपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने अन्तिम दिन विदा परेमा उक्त कार्य सो को भोलि पल्ट हुनेछ ।
४. दरभाउपत्रदाताले आफूले कवोल गरेको अंकको नेपाली भए ५ (पाँच) प्रतिशत, गैर नेपाली भए १० (दश) प्रतिशतले हुने धरौटी रकम भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय, नुवाकोट, अर्घाखाँचीको नाममा प्रभु बैंक, भूमिकास्थान शाखा, नुवाकोट, अर्घाखाँची स्थित धरौटी खाता नं.२५८७०८६९८६८०००४८ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकद्वारा मान्यताप्राप्त बैंकद्वारा भूमिकास्थाननगर कार्यपालिकाको कार्यालय, अर्घाखाँचीको नाममा जारी भएको ९० दिन म्याद भएको विडबण्ड पेश गर्नुपर्ने छ ।
५. दरभाउपत्र फाराम स्वीकृत भए पछि दरभाउपत्रदाताले कवोल गरेको कुल रकम तपसिल बमोजिमको बैंक खातामा एकमुष्ट जम्मा गरेको सक्कलै बैंक भौचरपेश गरेपछि दरभाउपत्रदातासँग सम्झौता गरी ठेक्काको चलान पूर्जी दिइने छ ।

**तपसिल**

नदीजन्य पदार्थको विक्री कर संकलन सम्बन्धी सम्झौताको हकमा बैंक खाताको विवरण :
खातावालाको नाम : भूमिकास्थान नगरपालिका, अर्घाखाँची
खाता नं. : २५८७०८६९८६८००११८, विभाज्य कोष खाता
बैंकको नाम र ठेंगाना : प्रभु बैंक, भूमिकास्थान नगरपालिका शाखा, नुवाकोट, अर्घाखाँची ।

६. गतविगत सालमा ठेक्कालिई रकम बुझाउन बाँकी राखेका फर्महरुले ठेक्का प्रकृयामा भाग लिन पाउने छैनन । तर भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय, नुवाकोट, अर्घाखाँचीमा बुझाउनु पर्ने सबै रकम भुक्तानी गरेमा ठेक्का लिनबाट बञ्चित गरिने छैन ।
७. प्राप्त दरभाउपत्र फाराम आंशिक वा पूर्णरुपमा स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
८. सबै ठेक्का नं. हरुमा कवोल अङ्कको १.५ प्रतिशत अग्रिम आयकर र थप १३ प्रतिशत मूल्य अभिवृद्धि कर लाग्ने छ ।
९. ठेकेदारले सम्झौताको समयमा ठेक्का अनुसारको सम्पूर्ण रकम एकमुष्ट बुझाएमा कबोल अङ्कको बढीमा दश प्रतिशतसम्म रकम छूट दिन सकिनेछ ।
१०. यस सम्बन्धीथप सूचनाजारी गर्नु परेमा यस कार्यालयको वेभसाईट www.bhumikasthanmun.gov.np तथा कार्यालयको सूचनापार्टीमा टाँस गरिने छ र त्यसरी टाँस गरिने सूचनापनि यसै सूचनाको अङ्ग मानिने छ ।
११. प्रकाशित सूचना बमोजिम कुनै बिषय फरक पर्न गएमा सोको अन्तिम निर्णय गर्ने अधिकार भूमिकास्थान नगर कार्यपालिकाको कार्यालयमा निहित हुनेछ ।
१२. यस सूचनामा उल्लेख भएका विषयको हकमा यसै बमोजिम र यसमा उल्लेख नभएका विषयहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।
१३. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समयमा फोन नं. ९८५७०६९९८१/९८५७०६९९८७/९८५७०६९७९५/९८५७०६६६०६मा सम्पर्क गर्न सकिने छ ।

ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल उत्खनन्, संकलन तथा बिक्री कर संकलनर निकासी कर संकलन सम्बन्धी ठेक्काको विवरण

| ठेक्का नं. | विवरण | श्रोत संकलनकालागितोकिएको विन्दु | २०८१/०८२को लागि कायम न्यूनतम ठेक रकम (मु.अ.कर बाहेक) | संकलनगर्न पाउने रकम (१३% मु.अ.कर बाहेक) | इकाई | बार्षिक रुपमा निकाल्न सकिने परिमाण(घ.मी.) |
|---|---|---|---|---|---|---|
| 3/BMA /W/IR/ 081/82 | दुर्वाङ्गखोला | आँपखोला झो.पू. देखि दक्षिण तर्फको बगर क्षेत्र, शतिघाट बगर क्षेत्र र बाङ्गेरह बगर क्षेत्र, दुर्वाङ्ग पिप्लीटापु सानीचौकी बगरक्षेत्र, दुर्वाङ्ग झो.पू. बगर क्षेत्र देखि दक्षिण तर्फको गंगटे देखि भगेनी र दुर्वाङ्गको संगम बगर क्षेत्र बिरौटासम्म । | ४८४००० | ६.०० | प्रति क्यू फिट | २२८७ |
| 4/BMA /W/IR/ 081/82 | खाकाबेसी खोला | पाकुरे/काउले, रातामाटा, सानडाँडा डुडकामुख, चालिसे, आपकारुख, चाम्रे बगर क्षेत्र तथा निकासी क्षेत्रद्धच | ३१५०० | ६.०० | | १५० |

---


## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

सीताराम सफा सेनेटरी

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

विशाल सेनेटरी

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

तिनाउ सेनेटरी

बुटवल-१०, सुखानगर, रूपन्देही,

फोन: ९८५७०५८८१३,९८०७१८०८१३

# अनाथ र मानसिक समस्या भएकाल पुनर्जीवन पाउँदै

**कृष्ण पोखरेल**
*पाल्पा*

तानसेन नगरपालिका वडा नं. ०१ धुव्रघाटको एक घरमा चहल पहल थियो। कोही बालबालिका टाइसुटमा देखिन्थे, कोही आफ्नो तालमा कराउँदै बरबराउँदै थिए। कोही आफ्नै धुन र सुरमा तलमाथी गर्दै थिए। कोही शारिरिक अपाङ्गताको कारण कोठामा बसेका देखिन्थे। कोही महिला पुरुष आ-आफ्नो तालमा थिए।

तानसेन धुर्वघाटको घरमा जम्मा भएका अधिकांश व्यक्तिहरु घरवारविहीन भएका, बाबुआमा नभएका तथा आफन्तबाट बिछोडिएका, मानसिक सुन्तलन गुमाएका, परिवारले स्वीकार नगरेका व्यक्तिहरु थिए। विभिन्न पीडा तथा हिंसाबाट अभियान नेपालसँग जोडिएका यीसबै व्यक्तिहरुको भने जीवनमा नसोचेको परिवर्तन आएको छ।

घरपरिवार, आफन्त, विभिन्न संघ संस्थादेखि सरकारको नजरमा नपरेका साहाराविहीन अवस्थामा रहेका बालबालिका र मानसिक सन्तुलन गुमाएका व्यक्तिहरुलाई अभियान नेपाल पाल्पाले पुनर्जीवन प्रदान गर्दै आएको छ। अभियान नेपालले सिलोम आवासीय वालगृह र नव जीवन मानसिक पुनर्स्थापना केन्द्र सञ्चालन गर्दै आएको छ। संस्थाले २२ वर्षदेखि आवासीय बालगृह र १२ वर्षदेखि मानसिक पुनर्स्थापना केन्द्र सञ्चालन गर्दै आएको छ। अहिले सिलोन बालगृहमा २१ जना बालबालिका रहेका छन्, जसमा १२ जना छात्रा र ९ जना छात्र रहेका छन्। बालगृहमा रहेका ३ जनाबाहेक सबै जना विद्यालयदेखि क्याम्पससम्म अध्ययन गर्दै आएका छन्। संस्थाले पारिवारिक बिछोडदेखि परिवारविहीन अवस्थाका बालबालिकाहरुलाई औषधि उपचार गरी, गास, बास, कपाससँगै शिक्षा दिक्षा प्रदान गर्दै आएको छ। संस्थाले हालसम्म ९३ जना बालबालिकालाई उद्दार गरी पुनर्जीवन प्रदान गरेको छ।

संस्थाले अर्कोतर्फमा विभिन्न परिवेश, घटनाले मानसिक सुन्तलन गुमाएर लावारिस अवस्थामा सडकमा हिंड्डुल गर्ने व्यक्तिहरुलाई उपचारसँगै, लामो समय हेरचाह, सामाजिक परिवेशमा घुलमिल गराई पुनर्जीवन प्रदान गर्दै आएको छ। संस्थाले हालसम्म ४० भन्दा बढी व्यक्तिहरुलाई पुनर्स्थापन केन्द्रबाट पुनर्जीवन दिएको छ।

संस्थाका अध्यक्ष पुननारायण श्रेष्ठले राज्य तथा सरकारले गर्ने काम आफूहरुले गरिरहँदा समेत सरकारीपक्षबाट आवश्यक सहयोग र सहकार्य नभएकोले काम गर्ने जोश र जागर हराउँदै गएको बताए। 'हामीले २२ वर्षदेखि निरन्तर चन्दा उठाएर, विभिन्न पक्षसँग सहयोग मागेर काम गरेका छौं, तर राज्य पक्षबाट सहयोग नहुँदा अभियानमा लागेका साथीहरुका जोश जागर हराउँदै गएको छ।'-अध्यक्ष श्रेष्ठले भने। बालगृह र नवजीवन पुनर्स्थापना केन्द्रमा गरी वार्षिक ८० लाख रुपैयाँ खर्च रहेकोमा नेपाल सरकारबाट कुनै नगद सहयोग रकम नपाएको गुनासो अध्यक्ष श्रेष्ठले गरे।

बालगृहमा पुगेका जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनालले संस्थाले निकै राम्रो काम गर्दै आएकोले जिल्लाका १० वटै पालिका तथा सरकारी तथा गैर सरकारी संघ संस्थासँग समन्वय गरी सहयोगको अनुरोध गर्ने बताए।

प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले नेपाल सरकारले गर्ने काम संस्थाबाट हुँदैआएकोले जिल्ला प्रशासनबाट हुने सहयोग पूर्णरुपमा हुने प्रतिबद्धता जनाए।

तानसेन नगरपालिकाका नगरप्रमुख सन्तोषलाल श्रेष्ठले नगद अनुदान दिने व्यवस्था नरहेकोले संस्थालाई आवश्यक पर्ने, सरसमान, भौतिक पूर्वाधार, आयआर्जनमुखी कार्यक्रमहरुमा सहयोग गर्न आफू सधैं तयार रहेको बताए।

बालगृहमा बसेर तानसेन नर्सिङ स्कुलमा तेस्रो वर्षमा अध्यनरत प्रेरणा भण्डारीले बालगृहकै नभएको भए मेरो जीवन के हुन्थ्यो खै ? तर आज मलाई जीवनमा सबैभन्दा ठूलो खुसी मिलेको बताइन। त्यस्तै ५ वर्षअघि मेरो बुवाको मृत्यु भयो, आमाको शारीरिक अवस्था कमजोर थियो, आर्थिक अवस्था दयनीय थियो, बालगृहको संरक्षणको कारण आज कक्षा १० मा पढिरहेको सलिना मल्लले बताइन।

लावारिस अवस्थामा मानसिक सुन्तुलन गुमाइसकेका व्यक्तिहरुलाई पुनर्स्थापना केन्द्रमा लामो समयको उपचार तथा परामर्शपछि अधिकांश व्यक्तिहरुको घरवार तथा परिवार, आफन्तहरु पत्ता लागे पनि परिवारले स्वीकार नगर्दा कठिनाइ भएको अध्यक्ष श्रेष्ठले बताए। पुनर्स्थापना केन्द्रबाट हालसम्म ३९ जनालाई उद्धार गरेकोमा ३ जना भारतीय नागरिक, २ जना नेपाली नागरिकहरुलाई परिवारको जिम्मा लगाएको, २ जना भारतीयलाई बुटवल मानवसेवा आश्रममा पठाएको, ३ जना पुनर्स्थापना केन्द्रबाटै आफैं भागेर बेपत्ता भएको र ३ जनाको मृत्यु भएको अध्यक्ष श्रेष्ठले जानकारी दिए।

# प्रविधिमैत्री बन्दै सिद्धार्थनगर



भैरहवा। रुपन्देहीको सिद्धार्थनगर नगरपालिका प्रविधिमैत्री बन्दै गएको छ। नागरिकको सेवा प्रवाहलाई सहज बनाउन पछिल्ला दिनहरुमा नगरपालिकाले प्रविधिको प्रयोगलाई बढाएको छ।

नगरपालिकाले क्यूआर कोडमार्फत् राजस्व भुक्तानी सुरु गरेको छ। त्यस्तै फोहोर मैला संकलन गर्ने ट्याक्टरहरुमा जीबीएस जडान गरी कहाँ छन् भन्ने पत्ता लगाउन सकिने व्यवस्था मिलाएको छ।

यसबाट फोहोर मैला संकलन गर्ने ट्याक्टरहरु कहाँ र कुन अवस्थामा छन् भन्ने पत्ता लगाउन सकिने छ। र सहीअनुसार आफ्नो क्षेत्रमा रहेका ट्याक्टरको लोकेसन पत्ता लगाइ फोहोर पठाउन सकिने छ। यसकोलागि आफ्नो मोबाइलमा लुना जीपीएस डाउनलोड गरी सहजै सेवा लिन सकिने व्यवस्था मिलाइएको छ।

त्यस्तै राजस्व संकलनलाई 'फेसलेस' र 'क्यासलेस' बनाउने नगरपालिकाको नीतिअनुरुप क्यूआर कोडमार्फत् राजस्वको भुक्तानी गर्न सकिने व्यवस्था पनि मिलाएको हो।

नगरपलिका कार्यालयअर्न्तगत राजस्व प्रशासन शाखा, घरनक्सा शाखा र वडा कार्यालयहरुमा बुझाउनु पर्ने कर, शुल्क तथा दस्तुरहरु क्यूआर कोडमार्फत् भुक्तानी गर्न सकिनेछ। नगरपालिकालाई प्रविधिमैत्री बनाउने आफ्नो प्रतिबद्धाअनुसार नविनतम प्रविधिलाई अधिकत प्रयोगमा ल्याउने कोशिस भैरहेको सिद्धार्थनगर नगरपालिकाका मेयर ईशितयाक अहमद खाँले जानकारी दिए। उनले यसै वर्षदेखि राजस्व संकलन 'फेसलेस' र 'क्यासलेस' बनाउने नीतिअनुरुप क्यूआर कोडमार्फत् राजस्व भुक्तानीको सुरुवात गरिएको जानकारी दिए।

सिद्धार्थनगर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जनक थापाले नगद प्रवाहलाई सरल मितव्यापी, पारदर्शी तथा प्रभावकारी बनाएर वित्तीय जोखिम न्यूनीकरण गर्नका लागि र नगरपालिकाको नीति अनुरुप क्यूआर कोडमार्फत् राजस्व भुक्तानीको सुरुवात गरिएको बताए। नगरपालिको कार्यालय र वडा कार्यालयमा रकम भुक्तानी गर्दा भुक्तानी गर्नुपर्नेमा रकमअनुसार प्राप्त हुने छुट्टाछुट्टै कारोबार संकेत नम्बरको क्यूआर कोडमा सोझै रकम भुक्तानी गर्नका लागि सिद्धार्थनगर नगरपालिकाको कार्यालयले आग्रह गरेको छ।

# लुम्बिनी प्रेस क्लबमा रायमाझी



भैरहवा। लुम्बिनी प्रेस क्लब, रुपन्देहीको अध्यक्षमा कमल रायमाझी सर्वसम्मत निर्वाचित भएका छन्। क्लबको भैरहवामा सम्पन्न आठौं साधारणसभा तथा पाँचौं अधिवेशनबाट रायमाझीको अध्यक्षतामा आगामी दुई वर्षे कार्यकालका लागि १३ सयदस्यीय कार्यसमिति चयन गरिएको हो। क्लबको दुई उपाध्यक्ष मदतानबाट चयन गरिएको हो भने अन्य पदमा सर्वसम्मत समिति चयन गरिएको मुख्य निर्वाचन अधिकृत अधिवक्ता कृष्णप्रसाद ढकालले जानकारी दिए।

उपाध्यक्षमा दीपेन्द्र बडुवाल (२४) र दीपक घिमिरे (२६) मत ल्याएर निर्वाचित भए। उनीहरुका प्रतिस्पर्धी शंकरप्रसाद पाण्डेले १४ र माधब न्यौपानेले ९ मत पाए। यस्तै, क्लबको महासचिवमा प्रकाश न्यौपाने सर्वसम्मत निर्वाचित भए। यस्तै, क्लबको सचिवमा शशि पन्थी, कोषाध्याक्षमा विष्णुप्रसाद भट्टराई र सहकोषाध्यक्षमा रविन्द्रप्रताप गुप्ता चयन भएका छन्।

क्लबको कार्यसमिति सदस्यमा मोहम्मद हविव, प्रतीक पौडेल, भीम भण्डारी, एलिना आचार्य, रुविना थापा मगर र अस्मिता अधिकारी चयन भएका छन्। यस्तै क्लबको तालिम समिति संयोजकमा अरुणराज शर्मा ज्ञवाली र सदस्यमा झब्बर यादव चयन भएका छन्। क्लबको लेखा समिति संयोजकमा शोभाकान्त रेग्मी चयन भएका छन्।

निर्वाचित भएपछि क्लबका अध्यक्ष रायमाझीले संस्थागत हीतलाई माथि उठाउने गरी काम गर्ने जनाए। उनले क्लबका सदस्यहरुको बृत्तिविकासमा योजनाबद्ध रुपमा काम गर्ने प्रतिबद्धता व्यक्त गरे।

साधारणसभा तथा अधिवेशनको उद्घाटन गर्दै सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष ठाकुरकुमार श्रेष्ठले भैरहवा क्षेत्रमा प्रेस क्लबले खेलको भूमिका सराहानीय रहेको जनाए। यस्तै, संघका वरिष्ठ उपाध्यक्ष नेत्रप्रसाद आचार्य, क्लबका संस्थापक अध्यक्ष माधब ढुंगाना, पूर्वअध्यक्ष नरेश केसी, सल्लाहकार कुलमणि ज्ञवाली, मनोरञ्जन शर्मालगायतले बोल्दै संस्थागत विकास र भैरहवा क्षेत्रको आर्थिक समृद्धिका लागि क्लब र यसमा आबद्ध पत्रकारहरुले आफ्नो कलममार्फत् भूमिका निभाउनुपर्नेमा जोड दिएका थिए।

## CHHATRADEV RURAL MUNICIPALITY
OFFICE OF RURAL MUNICIPAL EXECUTIVE
CHHATRAGUNJ, ARGHAKHANCHI

## Invitation For Sealed Quotations

Date of 2nd publication: 2081/08/25 (10 December, 2024)

Chhatradev Rural Municipality, Office of Rural Municipal Executive invites electronics bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for construction of following works under Sealed Quotation. All other Information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

***For Bid document Fee (NRs 1000)***
Name of the Bank: Nabil Bank Ltd., Chhatragunj Branch
Name of Office: Chhatradev Rural Municipality, Office of Rural Municipal Executive, Chhatragunj, Arghakhanchi
Office Account no.: 21401017500033 (Ga-1.1 Aantarik Rajaswa Khata)

***For Bid Security (As per Table)***
Name of the Bank: Nabil Bank Ltd., Chhatragunj Branch
Name of Office: Chhatradev Rural Municipality, Office of Rural Municipal Executive,Chhatragunj, Arghakhanchi
Office Account no.: 21401017500025 (Ga 3 Dharauti Khata (Chhatradev RMCP))

Last Date of Bid Purchase and Submission: 26 December, 2024 (2081/09/11) 12:00 Hrs.

| SN | Name of Project/Contract No. | Bid Security Amount with Validity up to 11th March 2025 |
|---|---|---|
| 1 | Upgrading Works of Masan Purne Khel Maidan Sigre Jaikiwur Tole Hudai Fedi Jane Motorbato,Chhatradev-2,Arghkhanchi CRM/ARG/SQ/W/11/081/82 | 27,500/- |
| 2 | Palpathum-Thulapokhara-Chaudila Motor-able Road Upgrading Works,Chhatradev-03 CRM/ARG/SQ/W/12/081/82 | 28000/- |
| 3 | Construction Works Of Talla Bararukha Baaskhola Bhirsamm Motorbato Steel Safety Railing,Chhatradev-8,Arghkhanchi CRM/ARG/SQ/W/13/081/82 | 28000/- |

"पर्यटन, उद्योग, कृषि र व्यापार, राष्ट्रिय सम्वृद्धिको आधार"
९औं लुम्बिनी राष्ट्रिय महोत्सव- २०८१
(पर्यटन महोत्सव, कृषि तथा राष्ट्रिय औद्योगिक व्यापार मेला)
मंसिर २० देखि पौष १ गतेसम्म । अञ्चलपुर, सिद्धार्थनगर
मंसिर २५ गतेका आकर्षण
चर्चित गायक नरहरि प्रेमी
गायिका दुर्गा नेपाल
गायक नबिन परियार
गायक आभाष काफ्ले
गायक / उद्घोषक दिपु मगर
DJ Pizza & Friends
महोत्सवका आकर्षणहरु
Voice of Bhairahawa
Bhairahawa Dance Idol
बाल उद्यान
विविध सांस्कृतिक कार्यक्रम
design by : www.forwardkhabar.com
सह-आयोजक
नेपाल उद्योग वाणिज्य महासंघ
नेपाल उद्योग वाणिज्य महासंघ, लुम्बिनी प्रदेश
आयोजक
सिद्धार्थ उद्योग वाणिज्य संघ
सिद्धार्थनगर, रुपन्देही

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-८, रुपन्देही
विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com